# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. चिरंजीबि नेपालबाट संचालक समितिको अध्यक्षता प्रारम्भ



गत चैत ८ गते पद तथा गोपनीयताको सपथ ग्रहण गरी पद बहाली गर्नु भएका नेपाल राष्ट्र बैंकका नवनियुक्त गभर्नर डा. चिरंजीबि नेपालले आज साँझ संचालक समितिको बैठकको पहिलो अध्यक्षता गर्नु भयो ।

सात सदस्यीय संचालक समितिको पूर्ण बैठकले सर्वप्रथम नवनियुक्त गभर्नर डा. चिरंजीबि नेपाललाई संचालक समितिको अध्यक्षको रूपमा स्वागत गर्दै उहाँको पूर्ण सफलताको हार्दिक कामना गऱ्यो ।

स्वागत मन्तव्य र धन्यवाद ज्ञापनको औपचारिक अभिव्यक्ति पश्चात् संचालक समितिले नेपाल राष्ट्र बैंक ऐन, २०५८ र विद्यमान नीतिगत व्यवस्था बमोजिम केन्द्रीय बैंकको काम कारवाहीलाई थप सबल, प्रभावकारी र परिणामुखी बनाउँदै लाने निर्णय गऱ्यो ।

सो बैठकले जेविल्स फाइनान्स लिमिटेडको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदनमाथि गहन रूपले छलफल गरी सो संस्थामा देखिएका कैफियतहरू सुधार गर्न सम्बन्धित विभागलाई निर्देशन समेत दियो ।




(गभर्नर डा. नेपाल बैठकको अध्यक्षता गर्दै)

२०७१ चैत १०, मंगलबार

गभर्नरको कार्यालय